चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
# राष्ट्रिय ट्रमा सेन्टर
महांकाल, काठमाण्डौ

प.सं.:- ०७६/०७७ मिति:- २०७६।११।२०

च.नं.:- 1050

## स्टाफ नर्स आवश्यकता सम्बन्धी सूचना !!!

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, राष्ट्रिय ट्रमा सेन्टरको लागि स्टाफ नर्स पदहरु "चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६" बमोजिम करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले देहायका योग्यता पुगेका नेपाली नागरिकले यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र रितपूर्वक दरखास्त फाराम भरी यस अस्पतालमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगेका र म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**तपसिल**

१. पद : स्टाफ नर्स (पाँचौ)

२. माग पद सख्या : २५ (पच्चिस)

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता :

क) अठार वर्ष उमेर पूरा भई पैतालिस वर्ष उमेर ननाघेको नेपाली नागरिक, तर स्वास्थ्य सेवाको पदमा नियमानुसार नियुक्ति भई अविच्छिन्न रुपमा पाँच वर्ष सेवा अवधि पूरा गरेका अस्थायी वा करार सेवाका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन,

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण

ग) प्रचलित कानुन बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद्मा नाम दर्ता र नविकरण भएको,

घ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको,

ङ) प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

४. पारिश्रमिक : नेपाल सरकारको स्टाफ नर्स पाँचौ तहको शुरु तलब स्केल बराबरको पारिश्रमिक र महंगी भत्ता तथा अन्य सुविधाको हकमा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

५. छनौटको तरिका : लिखित वा मौखिक वा दुवै हुन सक्ने

६. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी

ख) शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपीहरु

ग) प्रचलित कानुन बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद्मा नाम दर्ता र नविकरण भएको प्रमाण पत्र

घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति

ङ) राजश्व जम्मा गरेको रसिद

७. दरखास्त फारम लिने र बुझाउने स्थान : राष्ट्रिय ट्रमा सेन्टर, कर्मचारी प्रशासन शाखा ।

८. दरखास्त दस्तुर : रु. ६००।- ( अस्पताल परिसर भित्र रहेको NIBL Bank Counter मा जम्मा गरेको रसिद )

९. दरखास्त बुझाउने अन्तिम मिति : २०७६/११/२० गते देखि २०७६।१२।१० गते सम्म (कार्यालय समय भित्र) अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट

१०. विस्तृत जानकारीको लागि अस्पतालको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

**नोट :** दरखास्त फाराम बुझाउने अन्तिम मिति समाप्त भए पछि परीक्षाको किसिम, मिति र स्थान प्रकाशित गरिनेछ ।

.............................

सह प्रा.डा.भोजराज अधिकारी

नि.प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

फोन: +९७७-१-४२३९१६१, फ्याक्स: +९७७-१-४२२५२७५

Scanned with CamScanner